// स्थानीय राजपत्र

बाणगङ्गा नगरपालिका, कपिलवस्तुद्वारा प्रकाशित

खण्डः५ बाणगङ्गा नगरपालिका, माघ ६, २०७८ संख्याः ४

# भाग-२

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

कार्यविधिको नामः**कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका- २०७८**

**प्रस्तावनाः**

प्रस्तावनाः कृषक समूहहरुको समुचित प्रयोग गरी कृषिको समष्ठिगत विकासमा सकारात्मक प्रभावको लागि तत्काल सम्बोधन गर्न समयसापेक्ष वैधानिक मार्गदर्शनको आवश्यकता महसुस भएकोले, कृषक समूहहरुलाई प्रभावकारी एवंम समन्वयात्मक रुपमा सञ्चालन गर्न कृषि क्षेत्रमा संलग्न निकायहरुको कामकार्वाहीलाई प्रक्रियागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले गर्न गराउन आवश्यक भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) तथा नगरपालिका प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बाणगंगा नगरपालिकाबाट यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम " कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका २०७८" रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँदछ।

(ख) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिली सामूहिक प्रयत्नबाट कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न बनाईएको संगठनलाई समझ्नुपर्छ ।

(ग) "कृषि" भन्नाले बाली, वागवानी,पशुपन्छी,मत्स्य आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन उद्योग एवम व्यवसायहरु सम्झनु पर्छ।

(घ) "कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले बाणगंगा नगरपालिकालाइ सम्झनुपर्छ ।

(छ) "लेखा " भन्नाले प्रचलित कानुन बमोजिम कारोबारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख,खाता,किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँदछ ।

(ज) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनुपर्छ ।

(झ) "समूह विधान" भन्नाले समूहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नियमलाई सम्झनुपर्छ ।

(ञ) "समूह सशत्तिकरण "भन्नाले कृषक समूहलाई उद्देश्य अनुरुप अघि बढ्न प्रयासरत रहने वा अशक्त अवस्थामा रहेका समूहलाई केहि सहयोग गरि सशत्त बनाउने कार्यलाई सम्झनुपर्छ ।

(ट) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ठ) " साधारण सभा" भन्नाले निर्देशिकाको विधानमा उल्लेखित दफा ४ बमोजिमको सभालाई सम्झनुपर्छ ।

(ड) "स्थानिय तह" बाणगंगा नगरपालिका सम्झनुपर्छ र सो शब्दले जिल्ला समन्वय समितिलाई समेत जनाउछ।

(ढ) "हितकोष" भन्नाले कुनै पनि नगद, जिन्सी तथा भौतिक सरसामान नगद, मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुँजीलाई हितकोष जनाउँदछ ।

(ण) "हितकोष परिचालन " भन्नाले संकलित हित कोषलाई उत्पादन मुलक कार्यमा लगानी गर्ने कार्यलाई सम्झनुपर्छ।

३. उद्देश्य : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरु आबद्ध समूहहरुको समन्वय, व्यवस्थापन र नियमन गर्नको लागि सहयोग पुर्याउने

ख. कृषि प्रसार व्यवस्थापन ,सञ्चालन र नियमन सम्बन्धी कार्यमा सहयोग पुर्याउने ,

ग. कृषक समूहको गठन र सञ्चालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने,

घ. हितकोष व्यवस्थापन तथा परिचालन गर्न स्पष्ट निर्देशन गर्ने,

ङ. कृषक समूह गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्तिको भुमिका र जिम्मेवारी तोक्ने ,

च. कृषक समूह व्यवस्थापन सुपरिवेक्षण अनुगमन तथा मुल्याकंन प्रणालीलाई विकास गर्ने

४. निर्देशिकाको प्रयोग गर्नुपर्ने अवस्था: यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा गर्नुपर्नेछ।

क. कृषि क्षेत्रमा सलग्न निकायहरुको काम कारबाहीलाई प्रत्रियागत रुपमा प्रभावकारी एवम समन्वयात्मक तवरले गरी सुशासन लागु गर्नुपर्ने अवस्थामा ,

ख. सरकारी तथा गैर सरकारी निकायहरुबाट कृषि सम्बन्धी कार्यक्रम गर्नका लागि समूह गठन तथा व्यवस्थापन गर्नुपर्ने अवस्थामा ,

ग. प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरु आबद्ध समूहहरुको समन्वय व्यवस्थापन र नियमन गर्नुपर्ने अवस्थामा,

घ. समूहको योजना तर्जुमा गर्नुपर्ने अवस्थामा ,

ङ. समूह हितकोष संकलन तथा परिचालन गर्नुपर्ने अवस्थामा

च. समूह लेखा व्यवस्थापन गर्नुपर्ने अवस्थामा

छ. समूहमा मतभेद व्यवस्थापन गर्नुपर्ने अवस्थामा

ज. विभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेबारी तोक्नुपर्ने अवस्थामा,

## परिच्छेद -२

## कृषक समूह गठन आधारहरु, सदस्यहरुको छनोट र समूहको बर्गीकरण

५. गठनका आधार : स्थानिय निकायको कृषि विकास/पशुसेवा शाखाले कृषक समूह गठन गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्ने छ।

क. कृषकहरुका आवश्यकता र स्थानविशेषको कृषि उत्पादनको सम्भाव्यता ,

ख. सेवा पुर्याउनु पर्ने घरधुरी संख्या र कृषक संख्या,

ग. कृषकहरुको आर्थिक सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,

घ. कृषक समूहमा विभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्व सुनिश्चितता,

ङ. समूहमा आवद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चितता र छनौट ।

६. सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने : (१) कृषक समूह गठनका लागि सदस्यहरुको छनौट गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्ने छ । साझा कार्य उद्देश्य लिएका ,

क. सामाजिक एवं आर्थिक स्तर एकरुपता भएका ,

ख. सकभर साक्षर एवं शैक्षिकस्तरमा समानता भएका,

ग. समूहगत कार्यमा समय दिन सक्ने,

घ. उत्पादन समूहको हकमा सकेसम्म सँगसँगै खेत भएका,

ङ. एउटै समुदाय वा स्थानमा बसोबास गर्ने ,

च. कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको ,

(२) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्ने छैनन् ।

(३) कुनै एक समूहमा आबद्ध भई सकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आबद्ध हुन सक्ने छैन ।

७. समूहको वर्गीकरण : समूहका सदस्यहरुको लैङ्गिक सहभागिता, समूहको निश्चित गरेको क्षेत्रगत आधार साथै मूल्य श्रृखलाको आधारमा कृषक समूहलाई देहाय समूहहरुमा वर्गीकरण गर्न सकिनेछ ।

(१) लैङ्गिक सहभागिताको आधार

क. महिला कृषक समूह,

ख. पुरुष कृषक समूह,

ग. मिश्रीत कृषक समूह,

(२) क्षेत्रगत आधार

क. बाली समूह,

ख. वागवानी समूह,

ग. वीज वृद्धि समूह,

घ. माहुरी पालन समूह,

ङ. च्याउ समूह

च. गाई/भैसीपालन समूह,

छ बाख्रा/भेडा पालन समूह,

ज. कुखुरापालन समूह,

झ. बङ्गुरपालन समूह

ञ. घाँसबाली /वीउ उत्पादन समूह,

ट. कृषि बजार व्यवस्थापन समूह,

ठ. आ.पि.एम .कृषक समूह,

(३) मूल्य श्रृखलाको आधार

क. कृषि सामाग्री उत्पादन समूह( वीउ उत्पादन ,प्रांगारिक मल उत्पादन आदि)

ख. उत्पादन समूह,

ग. प्रशोधन समूह,

घ. बजारीकरण समूह,

## परिच्छेद -३
## समूह गठन प्रक्रिया, कार्य समितिको संरचना र पदाधिकारीको जिम्मेबारी

८. समूह गठन प्रक्रिया : कृषक समूह गठन तथा व्यवस्थापन गर्दा देहायका प्रकृयाहरुको अवलम्बन गर्नुपर्ने छ।

(१) प्रारम्भिक कृषक भेला

क. इच्छुक कृषकहरुको भेला तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने,

ख. सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने,

ग. कृषक भेलामा छलफलको एजेण्डा ,मिति, समय तथा स्थान तय गर्ने,

घ. कृषक भेला संचालनका लागि कृषकहरु मध्ये एकजनाले जिम्मेवारी लिई नेतृत्व गर्ने,

ङ. कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता ) बारे जानकारी पार्ने ।

(२) छलफल सञ्चालन

क. कृषक भेलाको उद्देश्य र आवश्यकता ( समूह गठनको उद्देश्य र आवश्यकता) विस्तृत रुपमा प्रष्ट पार्ने

ख. कृषक भेलाका एजेण्डाहरुमा क्रमश छलफल गर्दै बुँदा टिपोट गरी निर्यण पुस्तिका तयार गर्ने

ग. इच्छुक व्यक्ति समूह सदस्य बन्न अनुसूची ५ को दफा ३ मा उल्लेख भए बमोजिम योग्य व्यक्तिलाई सदस्यताका लागि अनुसूची ८ बमोजिम आवेदन फाराम भराई नामावली तयार गर्ने

घ. उक्त भेलाले तदर्थ समिति गठन, विधान मस्यौदा समिति गठन र कार्य विभाजन गर्ने

(३) तदर्थ समितिको बैठक सञ्चालन

क. बैठकका विषय वस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने

ख. सम्बन्धित निकायहरुलाई नियन्त्रणा गर्ने

ग. आवश्यक कागजात तयारी गर्ने

घ. समूहको विधानको खाका तयार पार्ने

ङ. समूह हितकोष सम्बन्धी निर्णय गर्ने

च. समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने

छ. सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने

ज. तदर्थ समिति गठन भएको एक महिना भित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने ।

(४) प्रारम्भिक साधारण सभाको सञ्चालन र जिम्मेवारी

क. ७ सदस्यीय कार्य समितिको गठन गर्ने

ख. समूहको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने

ग. विधान मस्यौदा माथि छलफल एव स्वीकृत गर्ने

घ. बैक खाता सञ्चालन सम्बन्धी निर्णय गर्ने

ङ. आवश्यकता अनुसार निर्णयहरु गर्ने ।

९. कार्य समितिको गठन : (१) कृषक समूहको कार्य समितिमा सात सदस्यीय देहाय बमोजिमको कार्य समिति रहने छ:-

| | | |
|---|---|---|
| क. | अध्यक्ष | १ जना |
| ख. | उपाध्यक्ष | १ जना |
| ग. | सचिव | १ जना |
| घ. | कोषाध्यक्ष | १ जना |
| ङ. | सदस्य | ३ जना |

(२) मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी मध्ये अध्यक्ष र उपाध्याक्षमा एक, सचिव र कोषाध्यक्षमा एक र एक जना सदस्य महिला हुनुपर्नेछ ।

(३) उप समिति गठन गर्न सकिने :

क. समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उप समिति ,आर्थिक उप समिति , प्राविधिक उप समिति लगायत आवश्यकता अनुसारका अन्य उप समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ।

ख. कोषाध्यक्षको संयोजकत्वमा ऋण उप समिति गठन गर्नुपर्नेछ ।

ग. मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५% महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।

१०. पदाधिकारीको काम, कर्तव्य र अधिकार : कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

## परिच्छेद -४
## समूह विधान

११. समूह विधान :(१) कृषक समूहको एक विधान हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विधान नेपालको कृषि नीतिसँग मेल खाने नेपालको संविधान र प्रचलित नेपालको कानुनसँग नबाझिने हुनुपर्नेछ ।

(३) कृषक समूहको अनुसूची ५ मा उल्लेख भए बमोजिमको विधान बनाउनु पर्नेछ ।

(४) कृषक समूहको उक्त विधानलाई साधारण सभाबाट दुइ तिहाइ बहुमतले पारित गराई सम्बन्धित निकायमा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद -५
## कृषक समूह दर्ता , पुनर्गठन तथा नविकरण

१२. कृषक समूह दर्ता : (१) कृषक समूहको दर्ता बाणगंगा नगरपालिका, कृषि विकास/पशु सेवा शाखाले गर्नेछ ।

(२) कृषक समूह दर्ता गर्नको लागि अनुसूची ५ बमोजिमको ढाँचाको समूह विधान र अनुसूची ११ वमोजिमको ढाँचाको समूह विवरण सहित अनुसूची ६ वमोजिमको ढाँचामा समूह दर्ताको निवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(३) सम्बन्धित शाखाले कृषक समूह दर्ताको लागि रु. २०० /- राजश्व शुल्क लिनुपर्नेछ ।

(४) उपदफा (२) वमोजिम समूह दर्ताको निवेदन अनुसूची ६ प्राप्त भएमा अनुसूची ५ सहित आवश्यक जाँचबुझ गरी सम्बन्धित शाखाले अनुसूची ७ वमोजिमको ढाँचामा कृषक समूह दर्ता प्रमाण पत्र दिनेछ ।

(५) यसरी दर्ता गरिएको कृषक समूहको अवधि तीन वर्ष रहनेछ ।

(६) समूहमा सदस्य रहेको सदस्यहरुको विवरण हेरफेर भएमा समूहले पुन तयार गरि नियमित रुपले सच्याउनु पर्नेछ ।

१३. कृषक समूह दर्ता गर्नु नपर्ने : दफा १२ को उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएता पनि साविक जिल्ला कृषि विकास कार्यालय / जिल्ला पशु सेवा कार्यालय/नगरपालिकामा दर्ता भैसकेका पुराना कृषक समूह एक पटकका लागि यस निर्देशिका वमोजिम कृषक समूह दर्ता भए सरह मानिनेछ ।

१४. कृषक समूह पुनर्गठन : (१) विधानमा उल्लेख भए बमोजिम कृषक समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ ।

(२) कृषक समूहको साधारण सभा वर्षको एकपटक भाद्र मसान्त भित्र गरीसक्नु पर्नेछ ।

(३) कृषक समूहले आफ्नो समूहको साधारण सभा / पुनर्गठन गरी सम्बन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

१५. कृषक समूह नविकरण : (१) कृषक समूहले आफ्नो कृषक समूह दर्ता प्रमाण - पत्रको तीन वर्ष अवधि पूरा भैसकेपछि नविकरण गर्नु पर्नेछ ।

(२) कृषक समूह नविकरणको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण- पत्र सहितको निवेदन सम्बन्धित शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ ।

(३) नविकरणको लागि रु १०० /- राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(४) म्याद सकिएको ३६ औ दिन देखि एक वर्ष सम्म रु २००/- राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(५) एक वर्षसम्म पनि नविकरण नगरेको खण्डमा प्रति वर्ष रु ५००/- को दरले नविकरण शुल्क थप हुँदै जानेछ ।

## परिच्छेद -६
## समूह श्रोत /हितकोष संकलन तथा परिचालन

१६. श्रोत/हितकोष परिचालन : (१) समूहमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाध्यक्षको सयुक्त दस्तखतबाट सो खाताको सञ्चालन गर्नु पर्नेछ ।

(२) समूहको गरेको कुल लगानी मध्ये कम्तीमा ५० % लगानी कृषि क्षेत्रमा गर्नुपर्नेछ ।

(३) ऋण प्रवाह गर्दा लाग्ने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ ।

(४) कृषक समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन ।

(५) कृषक समूहको सदस्यबाट अनुसूची ९ बमोजिम ऋण माग भएमा अनुसूची १० बमोजिम तमसुक बनाई समुहले ऋण उपलब्ध गराउन सक्नेछ ।

(६) कृषक समूहले अनुसूची १२ बमोजिम मासिक हितकोष संकलन विवरण अनुसूची १३ बमोजिम समूहको लगानी विवरण र अनुसूची १४ बमोजिम समूहको ऋण असुली विवरण अध्यावधिक गर्नुपर्ने छ ।

## परिच्छेद -७
## समूहमा लेखा व्यवस्थापन

१७. समूहमा लेखा व्यवस्थापन : समूह सञ्चालनको निम्ति आर्थिक तथा व्यवसायिक कारोबारमा चारवटा खाताहरु (सम्पक्ति खाता, सामान बिक्रि तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्व खाता ) राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्नुपर्नेछः-

(क) सम्पत्ति ( नगद तथा जिन्सी ) खाता : सम्पत्ति खातामा कृषक समूहहरुको स्वामित्वमा रहेको धनमाल ,जायजेथा, सम्पत्ति लगायत लगानी रकम ,नगद तथा बैक मौज्दात ,लगानी ,ऋण दिएको रकम , अरुबाट पाउनु पर्ने हिसाब मेशिन फर्निचर घर जग्गा सवारी साधन आदि आदि समावेश गर्नु पर्ने छ र समूहको सम्पत्ति बृद्धि हुँदा डेविट र घटदा क्रेडिटमा समावेश गर्नु पर्ने छ ।

(ख) सामान बिक्रि तथा आम्दानी खाता : यस खातामा कृषक समूहहरुको सरसामान र सेवा बिक्रीबाट प्राप्त रकम लगायत लगानी तथा ऋणबाट प्राप्त ब्याजबाट आम्दानी व्यापारी छुट सुविधा संघ संस्थामा प्राप्त अनुदान सदस्यता वा प्रदेश शुल्क स्थिर सम्पत्ति भाडामा दिए वापत प्राप्त रकम हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश समावेश गर्नु पर्नेछ ।

(ग) सामान खरिद तथा खर्च खाता : यस खातामा कृषक समूहहरुले खरिद गर्ने सर सामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय सञ्चालन खर्चहरु - तलब भत्ता मर्मत घरभाडा धारापानी बिजुली व्याज खर्च ह्रासकट्टि रकम बैठक भत्ता विविध आदि खर्चहरु समावेश गर्नु पर्नेछ ।

(घ) दायित्व खाता : कृषक समूहहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाब रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूजि बचत रकम डिपोजिट रकम धरौटी रकम ऋण रकम कसैलाई भुक्तानी दिनु पर्ने हिसाब लगायतका अन्य दायित्वहरु समाबेश गर्नु पर्नेछ ।

(ङ) खर्च (डेविट), आम्दानी ( क्रेडिट ) र शेष (मौज्दात ) गरी तिनवटा महलहरु समाबेश गर्नु पर्नेछ ।

(च) अनुसूची १५,१६ ,१७ र १८ वमोजिम क्रमश सम्पत्ति ( नगद तथा जिन्सी ) खाता ,आम्दानी खाता, खर्च खाता र दायित्व खाता बनाउनु पर्नेछ ।

(छ) कृषक समूहले आवश्यकता अनुसार अन्य सहायक खाताहरु प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद- ८
## समूह सन्चालन/परिचालन

१८. समूह सन्चालन / परिचालन

क. समूहको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथमिकता: सम्बन्धित आर्थिक बिकास शाखा /कृषि क्षेत्र हेर्ने शाखाको परिधि एवं क्षमता भन्दा भित्र र बाहिर रहेका समस्याहरुको समाधान गर्न उपलब्ध स्रोत/ साधन/समूह सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा प्राथमिकता तोकि सरल एवंम कम खर्चिलो तवरले समाधान खोज्नु पर्नेछ ।

ख. नियमहरुको विकास : आफ्ना पदाधिकारीहरुको चयन विधि र तिनको कार्य अवधि समावेश गरी आफ्नो उदेश्य पुरा गर्न हरेक समूहले आफ्ना नियमहरु बनाउनु पर्नेछ ।

ग. आयमुलक क्रियाकलापहरु – सवै समूह सदस्यहरुले ब्याक्तिगत एवं समूहगत रुपमा समेत उनीहरुसित उपलब्ध श्रोत र साधन अनुसार आफ्नो इच्छा अनुकुल एउटा वा सो भन्दा बढी आयमुलक कृयाकलापको थालनी गर्नु पर्नेछ ।

घ. पुरस्कारको ब्यबस्था : प्रत्यक बर्ष सहमतिका आधारमा छानिएको सवैभन्दा राम्रो काम गर्ने एक सदस्यलाइ समावेशीका आधारमा आफ्नै श्रोत/हितकोषबाट पुरस्कार दिने ब्यवस्था मिलाउन सक्नेछ ।

ङ. सामाजिक सेवा तथा आयमुलक कार्यमा सहयोग आदान प्रदान गर्न सकिने : बिभिन्न सरोकारवाला निकाय वा ब्याक्तिहरुबाट सामाजिक सेवा तथा आयमुलक कार्यका लागि सहयोग माग वा आवश्यकता महशुस भएमा एक अर्कासित नबाझिने गरी आवश्यता अनुसार सामाजिक गतिबिधि तथा आयमुलक कार्यहरुमा एक आपसमा सहयोग आदान प्रदान गर्न सकिने छ।

च. समूह सदस्यहरुका लागि सिप तथा क्षमता बिकास - (१) तालिम मार्फत समूह सदस्यहरुको आत्मबिश्वास बढाउनुको साथै उनीहरुमा सिप तथा क्षमता बिकास र इच्छाको अभिबृद्धि गर्ने भएकोले प्रभावकारी कुशल एवं दिगो रुपमा समूहलाइ गतिशिल बनाइ समूहको उद्धेश्य हासिल गर्न समूह सदस्य र पदाधिकारीहरुलाइ सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी समयसापेक्ष र ब्यवहारीक तालिमको लागि पहल गर्नुपर्नेछ ।
(२) सहकार्य गर्न नसकेको अवस्थामा कृषक समूहले स्वयं आफै व्यबस्थापन गर्नुपर्नेछ ।

छ. सुपरिवेक्षण अनुगमन र मुल्यांकन – प्रत्येक वर्ष समूहले सन्चालन गरेको विभिन्न क्रियाकलापको अनुगमन, सुपरीवेक्षण र मुल्याङकन गर्न एक तिन सदस्यीय उप समिति बनाउन सक्नेछ ।

## परिच्छेद -९
## समूहमा मतभेद ब्यवस्थापन

१९. मतभेद व्यवस्थापनको प्रकृया :(१) समूह परिचालनको सम्न्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण

सम्बन्धित वडा स्तर/सेवा केन्द्रमा रहने कृषि प्रविधिकले गर्नेछ ।

(२) वडा स्तर/सेवा केन्द्रमा गरीएको निरुपण संग असहमत हुने पक्षले बाणगंगा नगरपालिका, कृषि विकास शाखा/ पशु सेवाशाखामा पुनरावेदन गर्न सक्नेछ ।

(३) उक्त शाखाले गरेको निरुपणसंग असहमत हुने पक्षले बाणगंगा नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा देहाय वमोजिम गठित ३ सदस्यीय मतभेत ब्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(क) उप-प्रमुख - संयोजक

(ख) प्रतिनिधि कृषक समूह/समिति/महासंघ - सदस्य

(ग) शाखा प्रमुख सम्बन्धित शाखा - सदस्य सचिव

(४) कृषक समूहमा भएको मतभेदको निरुपण प्रचलित कानुन बमोजिम हुनेछ

## परिच्छेद -१०
## कृषक समूहमा योजना तर्जुमा र श्रोत साधनको विकास

२०. योजना तर्जुमा प्रक्रिया :(१) कृषक समूहले कृषि कार्यक्रमको योजना तर्जुमा प्रकृयालाइ देहायका आधारमा आयोजना निर्माण गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

(क) आयोजनाको नाम

(ख) पृष्ठभुमि : आयोजनाको आधारभुत तथ्यांक, संम्भावना, अवसर र चुनौति

(ग) आयोजनाको उदेश्य

(घ) आयोजनाको प्रतिफल

(ङ) आयोजना संचालन गरीने क्षेत्र

(च) आयोजनाको कृयाकलापहरु

(छ) लाभान्वित परिवार सख्या : प्रत्यक्ष तथा अप्रत्यक्ष, न्युन आय वर्ग, महिला, दलित, जनजाति आदि

(झ) आवश्यक कारक तत्वहरु

(झ) आर्थिक सारांस

(ट) आयोजनाको किसिम : समूहको आफ्नै लगानी, साझेदारीमा संचालित

(ठ) आयोजना कार्यन्वयन ब्यवस्थापन, अनुगमन, मुल्याङकन प्रकृया

(ड) आयोजनाको दीगोपनाको लागि गरिने कार्य बिवरण

(ढ) आयोजनाबाट हुने वातावरणीय प्रभाव ।

(२) कृषक समूहले अनुसुची-१९ मा उल्लेख भए बमोजिम कार्य योजना तयार गर्नुपर्नेछ ।

२१. स्थानिय श्रोत साधनको बिकास र सन्चालन : समूहको बाहृय निर्भरता साथै उत्पादनको प्रति इकाइ खर्च पनि घटाउनका लागि समूहले स्थानिय श्रोत साधनको बिकास र सन्चालनमा उचित ध्यान दिनु पर्नेछ

## परिच्छेद -११
## सरोकारवाला निकायको भुमिका एंव उत्तरदायित्व

२२. नगरपालिका अन्तर्गत आर्थिक विकास शाखा /कृषि /पशुपंक्षी क्षेत्र हेर्ने शाखा : कृषक समूह गठन तथा ब्यवस्थापनमा स्थानिय तह अन्तर्गत कृषि क्षेत्र हेर्ने शाखाका प्रमुख तथा कृषि प्रविधिकले देहायको भुमिका र उत्तरदायित्व हुनेछ ।

(क) नगरपालिका अन्तर्गत कृषि तथा पशु पंक्षी क्षेत्र हेर्ने शाखाका प्रमुख तथा कृषि प्रविधिकले कृषक समूहको कृयाकलाप कार्यक्रम तथा श्रोत साधन बारे जानकारी लिनुपर्ने ।

(ख) शाखा तथा वडा कार्यलय /सेवा केन्द्र मातहत कार्य गर्ने सबै प्राविधिक कर्मचारीहरुले सम्पुर्ण कार्य अध्यावधिक रेकर्ड राख्नुपर्ने ।

(ग) कृषक समूहको हालको संख्या तिनको बिकास बिभिन्न तह (गठन हुन लागेको सन्चालित हुन लागेको तथा परिपक्क हुन लागेको ) को आंकडा कृषक समूह सेवा केन्द्रको रेकर्ड राख्नुपर्ने ।

(घ) बिषय बिशेषज्ञ सहितको टोली गठन गरी समूह बैठकमा भाग लिने समूह सदस्यहरुको तालिम सन्चालन गर्ने र समूह सदस्यहरुले सन्चालन गरेको कार्यक्रम हरुको सुपरीवेक्षण एंव अनुगमन गर्ने कामको कार्यतालिका बनाइ सोही अनुसार परिचालन गर्ने गर्नु पर्ने ।

(ङ) समूहका सदस्यहरुलाइ समस्या पहिचान गर्न र तिनको समाधान गर्न सहयोग पुर्याउने तथा फिल्डमा कर्यरत कृषि प्रसार कार्यकर्तालाइ समेत तालिम दिनु पर्ने ।

(च) उत्पादन खर्च घटाउन र जग्गाको उत्पादकत्व बढाउनका लागि स्थानिय एंव बाह्य श्रोतहरुको कुशलतापुर्वक उपयोग गर्ने ज्ञान सीप एंव तरीकाहरु फिल्डमा काम गर्ने कृषि प्राविधिकलाइ सिकाउनु पर्ने

(छ) कृषक समूहहरुको अपेक्षा र माग समय सापेक्ष सेवाटेवामा प्रदान गर्न पहल गर्नुपर्ने भुमिका हुनुपर्नेछ ।

२३. वडा कार्यलय/कृषि सेवा केन्द्र : कृषक समूह गठन तथा ब्यवस्थापनमा वडा कार्यलय/ कृषि/ पशुसेवा केन्द्र प्रमुख तथा कृषि प्राविधिकले देहायका काम गर्नुपर्नेछ :-

(क) वडा कार्यलय /सेवा केन्द्रका प्रमुख/ कृषि वा पशुन्छी क्षेत्र हेर्ने प्राविधिकले समूहको गठन सन्चालन र अन्ततः परिपक्क हुनुमा प्राविधिक सहयोग गर्ने ।

(ख) बार्षिक कार्य तालिकामा आफ्नो कार्यक्षेत्रका कृषक समूहहरुको बैठकमा भाग लिने कृषक समूहको निरीक्षण गर्ने समय तालिका बनाई कार्यालयमा राखी कार्य गर्नु पर्ने ।

(ग) आफ्नो कार्यक्षेत्रको बिद्यमान कृषि अवस्थाको आधारभुत आंकडाहरु संकलन गर्ने ।

(घ) कृषक समूहहरुलाई उनीहरुको समस्या पहिचान गर्न आफ्नो क्षमता, चाहना,र श्रोत अनुसार तिनको समाधान गर्न सघाउदा पथप्रदर्शक, तालिमकर्ता, गतिप्रदान गर्ने, समन्वयकर्ता तथा कार्यक्रम कार्यान्वयनको रुपमा काम गर्ने ।

(ङ) समूहको कृयाकलाप र प्रगति अद्यावधिक अभिलेख एउटा फाराम (format)मा उल्लेख गरी राख्नु पर्ने ।

(च) सम्भव भए श्रोत नमुना एवं समूहको कृयाकलाप अनुभवहरुको एउटा पुस्तिका बनाइ अभिलेख वा साधनहरुको संकलन एवं नविकरण गर्नुपर्ने ।

(छ) कृषक समूह बैठकलाइ सघाउन आफ्नो साप्ताहिक वा पाक्षिक वा मासिक कार्य तालिका तयार गर्नु पर्ने र हरेक समूह बैठकमा भाग लिनुपर्ने ।

(ज) समूहमा कृषकहरुको समस्या पहिचान प्राथमिकरण एवं समस्या समाधानका लागि pc/ps तरिका अपनाउन सहयोग गर्नुपर्ने ।

(झ) गतिसिल समूहलाइ आफ्ना मौसमी एवं वार्षिक कार्यक्रम कार्यक्रम कार्यन्यन तालिका बनाउन उनीहरुले सहयोग गर्नुपर्ने ।

(झ) उनीहरुले समूहहरुलाइ चाहिने कृषि सामाग्रिहरु ऋण र प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मदत गर्नु पर्ने।

(ट) कृषक समूह बिवरण अनुसूची-११ अध्याबधिक गर्दै जानु पर्ने ।

(ठ) समूहको निर्णय एंव कार्यहरु संकलन गर्न प्रतिवेदन फाराम (reporting format)अनुसूची-३ र अनुसूची -४ भर्नु पर्नेछ ।

## परिच्छेद-१२
## सुपरिवेक्षण,अनुगमन एंव मूल्याङ्कन

२४. सुपरीवेक्षण अनुगमन एवं मूल्याङ्कन : नेपाल सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालय कृषि विभाग र ती मातहतका निकायहरु तथा प्रदेश सरकारको भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय एवं ती मातहतका निकाय र स्थानिय तहको सम्बन्धित निकायले कृषक समुहको सुपरीवेक्षण अनुगमन एवं मुल्याङ्कन जुनसुकै समयमा गर्न सक्नेछ ।

## परिच्छेद-१३
## विविध

२५. प्रगति प्रतिवेदन पेश गर्नु पर्ने : (१) कृषक समूहले - २,३ र ४ सहित आफुले गरेको मासिक चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित वडा कार्यलय /सेवा केन्द्रमा प्रतिवेदन अवधि समाप्त भएको मितिले एक हप्ता भित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन सम्बन्धित वडा कार्यलय/ सेवा केन्द्रले १५ दिन भित्र सम्बन्धित शाखामा पठाउनु पर्नेछ ।

(३) कृषक समूहलाई अन्य कुनै निकायबाट प्राविधिक तथा अन्य सहयोग प्राप्त भएको अवस्थामा उक्त सहयोगी निकायलाई सम्बन्धित शमाखाले आवश्यक प्रगति विवरण तोकिएको समयमा पठाउनु पर्नेछ।

२६. सम्बन्ध (linkage) र समन्वय (coordination): कृषि वा पशुपन्छी क्षेत्रसंग सम्बन्धित सरोकारवाला कृषक समूह, व्यबसायी ब्याक्ति र निकायहरु विच आपसी सम्बन्ध र समन्वय राखि कृषि बिकासमा गतिसिल एवं सकारात्मक सहयोग पुर्याउन देहायका निर्णायक एवं अहं भूमिका खेल्नु पर्नेछ :-

(क) कृषक समूह गठन तथा ब्यवस्थापनका लागि कृषकले कृषि विकासको सम्पुर्ण जिम्मेवारी आर्थिक बिकास शाखा/कृषि वा पशुपन्छी क्षेत्र हेर्ने शाखा एवं यस अन्तर्गत कार्यरत पदाधिकारीहरुसंग समन्वय गर्ने ।

(ख) सम्बन्धित शाखाले कृषक समूहका सदस्यहरुलाइ आवश्यक पर्ने कृषि उत्पादन सामाग्री जस्तै बिउ , मल, बिषादी, ऋण एवं सिंचाइ उपलब्ध गराउन पहल गर्नपर्ने निकायहरु र साथै बजार व्यबस्था मिलाउने संस्थाहरुसंग सम्पर्क स्थापित गर्ने ।

(ग) कृषक समूहले उत्पादन गरेको कृषि उपजको बिक्रि वितरणका लागि कृषि उपज बजार स्थल, बजार संचालक समिति प्रशोधनकर्ता र व्यबसायी संग नियमित सम्बन्ध कायम गरी बजार व्यबस्था मिलाउने ।

(घ) स्थानिय राजनीतिज्ञ तथा निर्वाचित जनप्रतिनिधिहरु संग राम्रो सम्बन्ध राखी कृषक समूहले माग र संभावना अनुसार स्थानिय तहको श्रोतबाट योजना तथा बजेट तर्जमा गर्न पहल गर्ने ।

(ङ) कृषक समूहलाइ अवश्यक श्रोत सामग्री र प्राविधिक सहयोग प्राप्त गर्न जि.स.स, प्रदेश सरकारका निकाय , केन्द्रिय सरकारका निकाय तथा स्थानिय , राष्टिय गैरसरकारी संस्थाहरुसंग आवस्यकता अनुसार सम्पर्क राख्ने ।

(च) यसको अलावा कार्य क्षेत्रमा रहेका बुद्धिजिवी सम्बन्धित सरकारी कार्यलय स्थानिय निकायका पदाधिकारी शिक्षक ब्यापारी ब्यवसायी एवं सहकारी संस्थाका सदस्यहरुसंग आवस्यकता अनुसार सम्बन्ध र समन्वय राख्ने ।

२७. समूह गठनको लागि खर्च सम्बन्धमा : नयां कृषक समूह गठनको लागि आवश्यक पर्ने खर्च स्थानिय दर रेट अनुसार समूह गठन गर्ने निकायले गर्न सक्नेछ भने समुहको अन्य खर्च जस्तै नियमित बैठक साधरण सभा आदि लगायतमा लाग्ने अन्य खर्चहरु समूहको आफ्नो श्रोतबाट व्यहोर्नु पर्दछ ।

२८. कृषक समूहको आवद्धता : कृषि पेशाको माध्यम द्धारा कृषि क्षेत्रमा योगदान पुर्याउने उद्धेश्यले सम्बन्धित कार्यालयमा दर्ता कृषक समूह एवं कृषि सहकारीहरु संम्बन्धित स्थानिय, जिल्ला, प्रादेशिक र संघिय तहमा राष्टिय कृषक समूह महासंघ /सन्जालमा आबद्ध हुन सक्नेछन ।

२९. कृषक समूहको सहकारीकरण :(१) कृषक समूहलाइ बढी सक्रिय प्रभावकारी दिगो र कृषकहरुको उन्नतीमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्य अनुभव भएको समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम कृषक समूहलाई कृषि सहकारी संस्थामा परिणत गर्दा देहायका आधार पूरा भएका समूहलाई सहकारीमा परिणत गर्न सकिनेछ ।

(क) कृषक समूहको रुपमा ३ वर्षको अनुभव भएको

(ख) पर्याप्त बचत संकलन एवं सन्चालन भएको

(ग) ब्यवसायिक क्रियाकलाप सन्चालन गर्न सक्षम भएको

(घ) सहकारी ऐन अनुसार तोकिएको मापदण्ड पुरा भएको ।

(२) समूहको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति उक्त समुह भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वत:हुनेछ ।

३०. अमान्य हुने: माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको प्रचलित मूल कानुन संग बाझिने यस्ता दफाहरु बाझिएका हदसम्म अमान्य हुनेछन ।

## अनुसूची -१
## (दफा १२ को उपदफा (४) संग सम्बन्धित)
## बाणगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा, बाणगंगा, कपिलवस्तु
## लुम्विनी प्रदेश, नेपाल

### कृषक समूह दर्ता किताव

१. दर्ता नं:
२. दर्ता मिति :
३. कृषक समूहको नाम :
४. समूहको किसिम :
५. समूहको ठेगाना : बाणगंगा नगरपालिका वडा न. ........,..................................टोल/गाउ
६. अध्यक्षको नाम थर: सम्पर्क नं.:
७. बैठक बस्ने मिति,स्थान र समय:
८. मासिक हितकोष रकम रु.:
९. समूह गठन मिति :
१०.जम्मा सदस्य संख्या: महिला .......... पुरुष ..........अन्य...........जम्मा...........

११. गठन हुंदा समूहको उदेश्य :

नविकरण विवरण

| क्र.सं. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने शाखा प्रमुख | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-२
## (दफा २५को उपदफा (१) संग सम्बन्धित)

### आर्थिक बर्षको अन्तमा सदस्य संख्याको स्थिति

| आर्थिक बर्ष | सदस्य संख्यामा थप/घट र जम्मा बचत कोष | सदस्यदारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट बढको कारण (कोलम २ मा बढोको लागि * को घटीको लागि चिन्ह- लगाउने |
|---|---|---|---|
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |

## अनुसूची -३
## (दफा २५को उपदफा (१) संग सम्बन्धित)

### समूहको बचत कोषको बार्षिक स्थिति

| आर्थिक बर्ष | गत बर्षको रकम रु. | बचत कोषमा घट/ बढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची -४
## (दफा २५को उपदफा (१) संग सम्बन्धित)
## प्रगति विवरण फाराम

गा.पा./न.पा.:- वडा .न.

कृषक समूहको नाम :-

उत्पादन (क) इकाई :-

(ख) जम्मा लागत रु :-

उत्पादकत्व (उत्पादन /क्षेत्रफल):-

उत्पादनको बिक्रि मुल्य (रु.इकाई)

उत्पादनको कुल मुल्य रु.

कार्य विवरण :-

सहभागि सदस्यहरुको संख्या :-

प्राप्त सहायता रु :-

श्रोत १(...........) बाट :-

श्रोत २(...........) बाट :-

क्षेत्रफल वा संख्या र इकाई :-

खुद आम्दानी (कुल आम्दानी – लागत खर्च ) रु:-

कैफियत

## अनुसूची -५
(दफा११को उपदफा(३) संग सम्बन्धित)

**कृषक समूहको विधान**

**प्रस्तावना:**

कृषि वा पशुजन्य वस्तुको उत्पादन, उत्पादाकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन, उत्पादित सामाग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत बीउ/ नश्ल एवं आय बृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि बाणगंगा नगर कार्यपालिकाको, कृषि विकास/ पशु सेवा शाखामा श्री ……… ………………………………………. कृषक समूह …………….. गठन गरी समूहका क्रियाकलापहरु नियमन गर्न वान्छनिय देखिएकोले मिति …………………………..... मा कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७८ को अधिनमा रहि यस विधान तर्जुमा गरी लागु गरिएको छ ।

१. प्रारम्भिक :

क) संक्षिप्त नाम र प्रारम्भ:

१. यस समूहको नाम श्री …………...…………………… कृषक समुह ……………… रहनेछ ।

२. यो विधान समूह बाणगंगा नगरपालिका, कृषि विकास/पशु सेवा शाखामा दर्ता भए पछि तुरुन्त लागु हुनेछ ।

ख) परिभाषा:- विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

क. समूह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्य द्धारा कृषि उपज वा पशुजन्य उत्पादन र उत्पादकत्व बढाइ आयआर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउनेछ ।

ख. सदस्य भन्नाले कृषक जो ............................................... कृषक समूहको उदेश्य अनुसार उत्पादन र उत्पादकात्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको ब्यक्तिलाइ जनाउनेछ ।

ग. कार्य समिति भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीलाई जनाउनेछ ।

घ. साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

ग) समूहको छाप:- गोलो घेराभित्र यस समूहको नाम श्री ………………………….…… कृषक समुह-……………………… पढ्न सकिनेछ ।

घ) समूहको कार्यालय :- यस समुहको कार्यालय कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं. ………… ………………..मा रहनेछ ।

ङ) समुहको दर्ता :-

क. कृषक समूह बाणगंगा नगरपालिका, कृषि विकास शाखामा दर्ता गर्नुपर्नेछ ।

ख. अनिवार्य रुपमा आन्तारिक राजस्व कार्यालयबाट स्थायी लेखा पान नं. लिनुपर्नेछ ।

२. उदेश्य र कार्य

क) उदेश्य : सदस्यहरुको सामाजिक, आर्थिक, कृषि जन्य व्यवसायिक, हितलाई ध्यान राखी देहायमा उल्लेखित समुहको उदेश्य हुनेछ ।

१. कृषि व्यवसायलाई आधुनिकीकरण एवंम विविधिकरण गरी उत्पादकत्व, उत्पादन बृद्धिका लागि एकजुट भइ काम गर्ने ।

२. सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।

३. सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्पारिक सहयोग र मितव्यायिताको भावनाको विकास गर्ने ।

ख) समूहको विधानको उपदफा (क) बमोजिमका उदेश्यहरु प्राप्त गर्ने यो समुहले देहाय बमोजिम कार्यहरु गर्नेछ ।

क. उन्नत प्राविधिबाट खेती वा पशुपालन गरी उत्पादन एवंम उत्पादकत्व बढाउने,

ख. वीज बृद्धि गरी आत्मानिर्भर हुने,

ग. उन्नत प्राविधि अपनाउने

घ. कृषि उत्पादनबाट आय बृद्धि गर्ने

ङ. समुहबाट बजार व्यवस्थापन गर्ने

च. कृषकद्धारा उत्पादित बस्तुको मुल्यमा एकरुपता ल्याउने

छ. सदस्यको सिपमा बृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने

ज. सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलापहरु संचालन गर्ने

झ. सदस्यहरुबीच स्वावलम्बन, पारष्पारिक सहयोग एवंम मितव्यायिता अभिबृद्धि गरी  नियमित बचत गर्ने बानीको विकास गर्ने ।

ञ. समूह सदस्यहरुमा उत्पादनशील, आयमुलक एवंम सीपमुलक उदेश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने ।

ट. आफ्नो उदेश्य पुरा गर्नको लागि समान उदेश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थासँग सहयोगात्माक भावना राख्ने ।

ठ. कृषि सँग सम्बन्धित अन्य कृषक समूह, सहकारी, वितीय संघ संस्थासँग सम्पर्क कायम गरी जानकारी एंवम सुचना अदानप्रदान गर्ने ।

ड. यस क्षेत्र/भेगको कृषकहररुद्धारा उठाइएको समस्याहरु समाधानको लागि  कृषि ज्ञान केन्द्र, अनुसन्धान कार्यालय तथा अन्य निकायहरुमा सम्पर्क गर्ने ।

ढ. उन्नत बीउ, रासायनिक मल, सुधारिएको औजार, किटनाशक विषाधी आदि विक्री वितरण गर्ने ।

ण. सिंचाई सुविधा उपलब्ध गराउने

त. खेती विकास योजना तयार गर्न एवंम प्याकेज कार्यक्रमलाई सहयोग पुराउने ।

थ. सघन कृषि तथा पशु विकास कार्यक्रमलाई सघाउ पुराउने।

द. कृषि उपज प्रशोधन तथा उचित मूल्यमा खरिद विक्री गर्ने ।
ध. उन्नत पशुपंक्षी नश्ल/भुरा उत्पादन तथा विक्री वितरण गर्ने ।
न. नगदेबाली उत्पादन, भण्डारण, प्रशोधन तथा विक्रीवितरण गर्ने ।
प. कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने ।
फ. मासिक हितकोष संकलन गर्ने संकलित हितकोषको प्रभावकारी परिचालन गर्ने।
ब. समुह सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने ।
भ. माथि उल्लेखित उदेश्यहरु पूर्ति गर्न अन्य कार्यहरु गर्ने ।

३. सदस्यताः

क. एकै उदेश्य एवं सकभर आर्थिक अवस्था समानता भएको एवं यस समूहको विधानको परिधिभित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिले यस समूहको सदस्यता प्राप्त गर्न सक्नेछ ।

ख. सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहको सदस्यहरुको लिखित सिफारिस साथ अनुसुचीमा-८ उल्लेख भए बमोजिम दरखास्त दिनुपर्नेछ ।

(१) सदस्यको लागि योग्यता :

क. आफै खेतिपाती गरेको/गर्न सक्षम भएको
ख. समूहको उदेश्य अनुरुप कार्य गर्न इच्छुक भएको
ग. समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको
घ. कृषक-कृषक वीच आपसी सहयोग बढाउन इच्छुक भएको
ङ. १६ वर्ष उमेर पुगेको ।

(२) साधारण सदस्य-

क. सदस्यता शुल्क रु.............. तिरी साधारण सदस्यताको निवेदन दिइ कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ। यस्तो सदस्यले मासिक बचत रु..............................प्रत्येक महिना हितकोष जम्मा गर्नु पर्नेछ ।

ग. समूह गठन भइ सकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समुहको सदस्यता लिन चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हित कोष र सोको व्याज साथै नियमअनुसारका अन्य शुल्क बुझाइ सदस्यता प्राप्त गर्न सक्नेछ ।

घ. सदस्यको अयोग्यता : कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराइ सदस्यता समाप्त गर्न सक्नेछ ।

क. तोकिएको मासिक हितकोष तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिना सम्म नतिरेमा
ख. विधानको उदेश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा ।
ग. सदस्यबाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)
घ. अपराधिक कार्यमा संलाग्न भएको दोष प्रमाणित भएमा

ङ. कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा

च. मृत्यु भएमा

छ. समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा

ज. अन्य.............................................................................

४. साधारण सभा तथा कार्य समिति

(१) साधारण सभा :

क. यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ, जुन समुहको उच्चतम निकाय हुनेछ ।

ख. यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ ।

ग. साधारण सभा वर्षमा कम्तिमा १ पटक बस्नु पर्नेछ ।

घ. आवश्यकता अनुसार जुन सुकै बेला साधारण सभा बोलाउन सकिनेछ ।

(२) साधारण सभाको अधिवेशन : कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिइ लिखित सुचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

(३) साधारण सभाको काम कर्तव्य र अधिकार :

क. कार्य समितिको निर्वाचन तथा गठन गर्ने ।

ख. विधान संशोधन गर्ने ।

ग. वार्षिक बजेट अनुमोदन गर्ने ।

घ. समूहको बार्षिक कार्यक्रम स्विकृत गर्ने ।

ङ. समूहको बार्षिक कार्ययोजना बनाउने ।

च. समूहले कार्ययोजना बनाउदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

छ. अन्य.............................................................................

(४) साधारण सभाको गणपूरक संख्या :

क) समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थिति हुनु पर्ने छ ।

ख) यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्ने छ ।

ग) यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्ने छ ।

(५) कार्य समिति गठन विधि :

क. कार्य समिति ७ सदस्यीय हुने छ।

ख. कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुने छन । आवस्यकता अनुसार उपाध्यक्ष तथा सह सचिवको पनि ब्यवस्था गर्न सकिने छ ।

ग. कार्य समितिका पदाधिकारी हरुको बैठक हरेक महिनाको ..........गते/ दिन हुने छ। तर आवसयकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

घ. कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ. कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सकिनेछ ।

च. कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

छ. साधारण सभाका सदस्यहरुले आफु मध्यबाट निर्वाचन प्रक्रियाद्धारा अध्यक्ष सचिव कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ । तर मिश्रित समूहको हकमा अध्यक्ष सचिव कोषाध्यक्ष मध्ये कम्तिमामा एक पदमा महिला अनिवार्य रुपमा हुनु पर्दछ ।

ज. अन्य..................................................................................

(६) कार्य समितिको काम कर्तव्य र अधिकार :

क. विधानको परिधिभित्र रही समुहको उदेश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालना गर्ने ।

ख. समूहको बार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने ।

ग. सहकारी तथा गैरसरकारी संस्था सँग सम्पर्क बृद्धि गर्ने कृषि सम्बन्धी अन्य संघ संस्थाहरुसँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ. सहकारीमा जाने प्रयास गर्ने ।

ङ. समूहको कार्ययोजना बनाइ लागू गर्ने ।

च. समूहको बार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

छ. अन्य ..........................................................................................

(७) समूहको बैठक :

क. समूहको नियमित बैठक प्रत्येक महिनाको ..........गते बस्नेछ ।

ख. समूहको बैठक कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ।

ग. पूर्वनिर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिले नै दिनु पर्दछ ।

घ. जानकारी नदिइ लगातार ३ पटक बैठकमा उपस्थित नहुने सदस्यलाई समूह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

५. पदाधिकारीको काम कर्तव्य र अधिकार :

१. अध्यक्षको काम कर्तव्य र अधिकार :

क. आवस्यकता अनुसार समूहको बैठक र साधारण सभा बोलाउने ।

ख. बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।

ग. समूहलाइ कृयाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवस्यक कार्य गर्ने ।

घ. कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णयक मत दिने ।

ङ. विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप बिशेष साधारण सभा

बोलाउने ।

च. समूहले तोकेको काम कार्यवाही गर्ने ।

छ. समूहमा उठेका बिवाद समाधान गर्ने ।

ज. समूह र स्थानिय तहको सम्वन्धित निकायसंग संपर्क ब्यक्तिको रुपमा काम गर्ने ।

झ. समूहको निर्णय, कार्यक्रम, कृयाकलाप र भएका कार्वाहीहरु एवं समस्याहरुको अभिलेख राख्न सचिवलाइ सहजिकरण गर्ने ।

ञ. वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।

ट. समूह बैठकमा भएका निर्णय, वार्षिक साधारण समितिका निर्णय, वार्षिक प्रगती प्रतिवेदन लगाएतका कागजतहरु आवस्यकता अनुसार संबन्धित निकायमा पेश गर्ने ।

ठ. समूह सदस्यहरुलाइ आफ्ना समस्या पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।

ड. सदस्यहरुलाइ कृयाशिल गराइ समन्वय र सहकार्य गर्ने ।

ढ. समूह सदस्यहरु बिच मतभेद ब्यवस्यापनका लागि सहजिकरण गर्ने ।

२. उपाध्यक्षको काम कर्तव्य र अधिकार :

क. अध्यक्षको कार्यमा सहयोग गर्ने ।

ख. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

ग. कार्य समितिले तोकेको कार्य गर्ने।

३. सचिवको काम कर्तव्य र अधिकार :

अ. समूहको दैनिक कार्य तथा कार्यालय सम्बन्धि कार्य गर्ने ।

आ. कार्यालयका खर्चका लागि पछि समूहबाट अनुमोदन गराउने गरी रु....... सम्म खर्च गर्न सक्ने ।

इ. अधिवेशन वा साधारण सभामा समूहको तर्फबाट प्रतिवेदन पेश गर्ने ।

ई. समूहको प्रवक्ताको रुमा काम गर्ने ।

४. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :

अ. समूहको सम्पूर्ण आर्थिक कारोबारको जिम्मा कोषाध्यक्ष सँग हुनेछ ।

आ. समूहको आय व्याय हिसाव दुरुष्त राख्ने ।

इ. समूहको निर्णय अनुसार कोष सम्बन्धी काम गर्ने ।

ई. अधिवेशन वा साधारण सभामा समूहको आय व्याय विवरण र आगामी बजेट प्रस्तुत गर्ने ।

उ. समूहको कोषाध्यक्षले समुहबाट पछि अनुमोदन गराउने गरी रु.....................सम्म खर्च गर्न सक्ने ।

५. कार्य समिति सदस्यहरुको काम कर्तव्य र अधिकार :

क. आवश्यकता अनुसार समूहका अन्य उप समितिमा रही जिम्मेवारी बहन गर्ने ।

ख. कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

६. आर्थिक व्यवस्था :

१) आर्थिक स्रोत

क. यस समूहको सदस्यताबाट प्राप्त सदस्यता शुल्क

ख. समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी

ग. समूहको सदस्यले बचत गर्ने मासिक हितकोष रकम

घ. समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज

ङ. समूहले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट...................प्रतिशत रकम

च. समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ. बिलम्ब शुल्क

ज. अन्य.......................................................................

२) हितकोष :

क श्री ........................................ कृषक समूहको एक हितकोष हुनेछ ।

ख श्री ........................................ बैंकमा समूहको खाता रहनेछ ।

३) हितकोष परिचालन :

क. हितकोषको रकम कम्तीमा ५० प्रतिशत कृषि कार्यक्रममा संचलान गर्नुपर्नेछ ।

ख. समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्ने छन् ।

ग. सदस्यले ऋण माग गर्न अनुसुचि-९ अनुसार निवेदन दिनुपर्नेछ ।

घ. कृषि कार्यको लागि लिएको ऋणमा ............. प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ. अन्य ऋणमा ..............................प्रतिशत मासिक व्याज लाग्नेछ ।

च. मासिक व्याज मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

छ. ऋण लिदा ऋण रकमको..............................प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज. ........................................ बैंकमा समूह अगुवा/अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता समाधान हुनेछ ।

४) हितकोष परिचालनका उपायहरुलाई दुई वर्ग(आवश्यक खर्च र आन्तारिक लगानी ) विभाजन गर्न सक्नेछ ।

क. आवश्यक खर्च : आवश्यक खर्च भन्नाले देहाय बमोजिमको कार्यालय र प्रशासनिक

खर्च भन्ने जनाउनेछ ।

- कार्यालय खर्च ( कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घरभाडा
- अन्य संस्थासँग सदस्यता लिदा तिर्नुपर्ने खर्च र बार्षिक नवीकरण खर्च
- लेखा परीक्षण खर्च
- कर्मचारी पारिश्रमिक खर्च
- साधारण सभा खर्च
- विविध (समुहको बैठकमा चिया नस्ता आदि)

ख. आन्तारिक लगानी : आन्तारिक लगानी भन्नाले समूहभित्रको सदस्य वीचको देहाय बमोजिमको लगानी भन्ने जनाउनेछ ।

- उत्पादनमुलक कार्य गर्न (उत्पादन तथा उत्पादन सामाग्री खरिद बिक्री )
- मल वीउ बाली संरक्षण तरकारी बोटविरुवा किन्न र प्रयोग गर्न ।
- आयमुलक कार्य गर्न ।
- सामाजिक कार्य गर्न जस्तै सफाइ अभियान, पहिरो नियन्त्रण, बृक्षरोपण, कुलो निर्माण, स्वस्थ्य र बातावरण संरक्षण आदि ।
- सीप विकास जस्तै प्याकिङ नर्सरी र तालिम आदि ।
- बौद्धिक कार्य गर्न जस्तै तालिम, प्रवचन, भ्रमण र गोष्ठि आदि
- सामाजिक कार्य गर्न जस्तै महिला विकास बाल विकास आदि ।
- पुँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद गर्न आदि ।
- .......................................

५) बिलम्ब शुल्क :

क. मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रत्येक दिन रु. ....... बिलम्ब शुल्क लाग्नेछ ।

ख. दोस्रो महिना प्रति दिन रु..........................बिलम्ब शुल्क लाग्नेछ ।

ग. तेस्रो महिना प्रति दिन रु..............................

घ. चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ. प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा प्रति महिना रु........................प्रति दिन दोस्रो महिना रु....................प्रति दिन र तेस्रो महिना रु..........................प्रतिदिन बिलम्ब शुल्क लाग्नेछ ।चौथो महिना ऋण रकम व्याज सहित ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च. एक सदस्यको जमानी बसेको सदस्यले अर्को पुनः जमानी बस्ने छैन ।

छ. जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

ज. ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

झ. ऋण लिनको लागि रु......................सम्म एक सदस्यको जमानी रु............. सम्म २ सदस्य र रु....................सम्म ३ सदस्यको जमानी चाहिने छ ।

६) लगानीको सुरक्षण :

क. कुनै पनि सदस्यले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम् ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउनेछ ।

ख. यदि व्यक्तिको नाममा संकलित हितकोषको ९० प्रतिशत भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामूहिक जमानीमा ऋण दिन सकिन्छ ।

ग. ऋण लिने व्यक्तिले तिर्नुपर्ने सावा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुल उपर गरिनेछ ।

घ. यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचालित नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

ङ. ऋण लगानी एवं असुल उपर ऋण उप समितिको स्विकृति लिनु पर्नेछ ।

च. ऋण उप समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाइने छैन ।

७) लेखापरीक्षण :

क. समूहको आय व्यायको प्रत्येक वर्ष लेखापरीक्षण गराइनेछ ।

ख. लेखापरीक्षण गराउन सरकारी मान्यता प्राप्त लेखापरीक्षक नियुक्ती गरिनेछ ।

ग. लेखापरीक्षणको प्रतिवेदन अधिवेशन वा साधारण सभामा पेश गर्नु पर्नेछ ।

घ. मुनाफा सम्पूर्ण सदस्यहरुलाइ प्रत्येक वर्षको लेखापरीक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नु पर्ने छ ।

७. विविध :

(१) निर्वाचन सम्बन्धी व्यवस्था :

क. यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

ख. सो निर्वाचन अधिकृतले नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराइ सक्नु पर्नेछ ।

ग. सो निर्वाचनमा लाग्ने खर्च कार्य समितिले व्यवस्था गर्नेछ ।

घ. यसमा समितिको पदाधिकारीहरुलाई मतदान वा सहमती द्वारा साधारण सभाको सदस्यहरुले छन्ने छन् ।

(२) पदावधि :

क. कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ ।

ख. सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगाबै समूहको

साधारण सभा वोलाइ नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग. कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगाबै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भए पछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाइ एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति गठन गरी सो तदर्थ समिति द्वारा साधारण सभाको बैठक वोलाई नयाँ कार्य समितिको गठन गर्नेछ ।

घ. कार्य समितिको पदावधि समाप्त हुनु अगाबै कार्यरत कार्य समिति कुनै किसिमबाट भङ्ग हुन गएमा भङ्ग भएको कार्य समितिले आफ्नो जिम्मामा रहेको कागजपत्र, जिन्सी तथा कार्य भार समेत सम्पूर्ण सदस्यको सभा वोलाइ अथवा कार्यालय सचिव भए सोलाइ बुझाइ सोको भरपाइ लिनु पर्नेछ ।

ङ. सो नगरेमा यस समूहलाइ हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा बेहोर्नु पर्नेछ ।

(३) उम्मेदवारको अयोग्यता :

क. कृषि पेशामा संलाग्न नभएको व्यक्ति ।

ख. कृषि समूहमा नभएको व्यक्ति ।

ग. समूहको उदेश्य विपरित कार्य गर्ने व्यक्ति ।

घ. मानसिक आवस्था समान्य ठिक नभएको व्यक्ति ।

ङ. फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

(४) अविश्वासको प्रस्ताव :साधारण सभाका सदस्यहरु मध्येबाट एक तिहाइ सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रताव लिखित रुपमा ल्याइ दुइ तिहाइ सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ तर अविस्वासको प्रस्ताव आएमा सफाइको मौकाबाट बन्चित गरिने छैन ।

(५) राजिनामा :

क. यस समूहको अध्यक्षले उपाध्यक्ष सो नभए सचिव समक्ष र अन्य कार्य समितिकापदाधिकारी सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्ने छन ।

ख. कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म आफ्नो पदमा बहाली रहिरहने छन ।

(६) विधान संशोधन :

क. समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्यका कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गर्नेछ ।

ख. सदस्यहरु मध्यका उपस्थिति सदस्यहरु मध्यका दुइ तिहाइ बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ ।

ग. संशोधित विधान बाणगंगा नगरपालिका, कृषि विकास/पशु सेवाशाखाबाट अनुमोदित नभए सम्म संशोधन भएको मानिने छैन ।

(७) नियम बनाउने : साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्रे छ ।

(८) उप समितिहरु गठन गर्न सक्रे छ : साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्विकृत लिइ आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्रेछ ।

(९) विघाटन :

क. समूहको विधान बमोजिम कार्य संचलान गर्न नसकी वा उदेश्य प्राप्त गर्न असफल भए वा ३ वर्ष सम्म समूह नवीकरण नभएमा समुह विघाटन हुनेछ ।

ख. समूह विघाटन भएको अवस्थामा बचत रकम सम्पूर्ण सदस्यलाइ फिर्ता गर्नु पर्नेछ ।

(१०) समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर :

क. कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोषको रकमबाट ३ प्रतिशत कट्टा गरी बाकी रकम भुक्तानी गरिनेछ ।

ख. यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सब भन्दा नजिकको आफन्ततालाइ समूहले दिने व्याज सहित फिर्ता गरिनेछ ।

ग. समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समुहको बैठकबाट निर्णय गराइ आलोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

(११) समूहको चल अचल सम्पत्ति :

क. समूह विघटन भए पश्चात समुहको चल अचल सम्पति बाणगंगा नगरपालिका, कृषि विकास/पशु सेवा शाखाको निर्णय बमोजिम हुनेछ ।

ख. उक्त निर्णय चित्ता नबुझेको खण्डमा निर्णयको जानकारी पाएको ३५ दिनभित्र नगर उप-प्रमुख समक्ष निवेदन गर्न सक्रेछन ।

ग. खण्ड (ख) बमोजिम उप-प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

समूह सदस्यहरुको विवण

| क्र.सं. | नामथर | ठेगाना | सम्पर्क नं. | उमेर | शैक्षिक योग्यता | खेतीयोग्य जमिन | फोटो |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुची- ६
(दफा १२को उपदफा (२) संग सम्बन्धित)
समूह दर्ता निवेदन

मिति:

विषय: समूह दर्ता सम्बन्धमा ।

श्री बाणगंगा नगर कार्यपालिकाको कार्यालय
बाणगंगा नगरकार्यपालिका
कृषि विकास/पशु सेवा शाखा
बाणगंगा, कपिलवस्तु

प्रस्तुत विषयमा श्री ....................................... शाखा/इकाई /संस्थाको सहयोगमा / हामी आफै संगठित भई बाणगंगा नगरपालिका वडा नं..........,.........................टोल/गाउमा मिति....................... मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी वडा कार्यालयको सिफारिस, नेपाली नागरीकताको प्रतिलिपी तथा अन्य आवस्यक कागजात सहित यो निवेदन पेश गरिएको छ ।

...................................
समूह अध्यक्षको दस्तखत र मिति

समूहको विवरण
कृषक समूहको नाम ...........................स्थापना वर्ष................
वडा न. ................. टोल/गाउ......................
समूहको उदेश्य ...........................................................
सदस्य संस्या :पुरुष ................. महिला ....................अन्य......................... जम्मा ............

| क्र.सं. | नामथर | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | | | |
| | | उपाध्यक्ष | | | | | |
| | | सचिव | | | | | |
| | | कोषाध्यक्ष | | | | | |
| | | सदस्य | | | | | |
| | | सदस्य | | | | | |
| | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन................
प्रति महिना समुहको हितकोषमा संकलन हुने रु . ............................
हालसम्म हितकोषमा जम्मा रकम रु. ..........................................
सिफारिस गर्नेको सही .............................................

अनुसूची -७
(दफा १२ को उपदफा (४) संग सम्बन्धित)
कृषक समुह दर्ताको प्रमाण – पत्र

बाणगंगा नगरपालिका
नगर कार्पालिकाको कार्यलय
कृषि विकास/पशु सेवा शाखा
बाणगंगा, कपिलवस्तु
लुम्विनी प्रदेश, नेपाल

आ.व.....
समूह दर्ता नं.....

कृषक समूह दर्ता प्रमाण- पत्र

समूह पद्धतिलाई सुव्यबस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उदेश्यले यस जिल्लाको बाणगंगा नगरपालिका वडा न....... मा मिति...........मा गठित श्री ............................कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरीएको छ ।

मिति............ शाखा प्रमुख

(कृषि विकास/पशु सेवा)
(कृषक समूह दर्ताको प्रमाण पत्रको पछाडि पानामा राख्ने)

नविकरण विवरण

| क्र.स. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने शाखा प्रमुख | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-८
(दफा ८ को उपदफा (२)खण्ड ग)संग सम्बन्धित)

सदस्यताका लागि आवेदन फारामको नमुना
श्री मान् अध्यक्ष
.............................. कृषक समूह

महोदय,
म यस समूहको विधानलाई स्वीकार गरी समुहको सद्स्यता प्राप्त गर्न इच्छुक भएकोले नियमानुसार सदस्यता प्रदान गर्न हुन विनम्र अनुरोध गर्दछु ।

विवरण

| | |
|---|---|
| नाम :- | निवेदकको |
| बाबुको नाम :- | नाम : - |
| ठेगाना :- | दस्तखत :. |
| शैक्षिक योग्यता :- | मितिः- |
| कृषि पेशामा दखल :- | सम्पर्क नं. :- |

खेती/ जग्गाको विवरण :-
लगाउने गरेको बालीहरु :-
समूह सदस्यताको सिफारिस :-

१) नाम :-
दस्तखत :-

२) नाम :-
दस्तखत :

अनुसूची - ९
(दफा १६ को उपदफा (५) संग सम्बन्धित )
ऋण फारामको नमुना

श्रीमान अध्यक्ष ज्यू मिति :-
.......................................

महोदय,
उपरोक्त संम्बन्धमा मलाइ ...................................... कामको लागि रकम आवश्यकता परेकोले रु. ..................... अक्षेरुपी ...................................... माल ) समूह हितकोषबाट ऋण उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु । नियमानुसार रु. ............. (अक्षेरुपी ............................... माल) ऋण किस्ता , मासिक ब्याज रु....................... (अक्षेरुपी .......

........................ मात्र) र मासिक बचत नियमत रुपले प्रत्येक महिना बुझाउने छु ।

जमानी सदस्यहरु निवेदक

दस्तखत : दस्तखत :

नामः- नामः

ठेगाना :- सम्पर्क नं.

दस्तखत :-

नाम :-

ठेगाना :-

कार्यलय प्रयोजनको लागि

ऋण रु .............................. (अक्षरुपी रु................................. मात्र)

मासिक किस्ता रु .................(अक्षरुपी रु................................. मात्र)

उपलब्ध भएको मिति :-

उपलब्ध भएको चेक न :-

कोषाध्यक्ष सचिव अध्यक्ष

अनुसुची -१०

(दफा १६ को उपदफा (५) संग सम्बन्धित)

तमसुकको नमुना

लिखितम जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा न..........,..............टोल/गाउमा बस्ने ............................ ... छोरा/छोरी/पत्नी बर्ष .................. को ....................... श्री कृषक समुह ...................... बाट निर्धारण गरीएको व्याज दर अन्य शर्त(नियम) का अधिनमा रहि घर खर्च मल/बिउ/कृषि आयोजना ............... कार्य गर्नका निंमित्त सापटी (ऋण) नगद रु. .................. (अक्षरुपी )रु............................ यस समूहको ................. बैंक शाखा कार्यालय ............................ स्थित रहेको बचत खाता ........................... चेक न. ...................... बाट बुझिलिइ भाखा राखी तपसिल लेखिएको बयाक्ती (साक्षी) हो रोहभरमा यस समुहको कार्यालयबाट बुझिलिएको ठिक साचो हो। माथि कबुलियत गरिएको भाखा भित्र सावा ब्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पति बाट नेपालको प्रचलित ऐन कानुन वमोजिम असुल उपर गरि लिएमा मेरो मन्जुरी छ । तपसिल साक्षी किनारा सदर ।

साक्षी :

कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा न. .......... बस्ने वर्ष ............को .............

कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा न. .......... बस्ने वर्ष ............को .............

इति सम्वत २० ...........साल ...........महिना ...........गते रोज........... शुभम्..................

अनुसुची - ११
दफा १२ को उपदफा (२) संग संम्बन्धित

**समुह सदस्यको विवरण फाराम**

**समूहको नाम :-** **ठेगाना :-**

| क्र.स | सदस्यको नाम | वडा.न. | गाउ/टोल | उमेर | शिक्षा | जमिनको क्षेत्रफल | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची -१२
दफा १६ को उपदफा (६) संग सम्बन्धित

**मासिक हितकोष संकलन सम्बन्धमा**

**समूहको नाम :-**
**साल :-**

| क्र.स | सदस्यको नाम | मासिक जम्मा रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | अषाढ | श्रवण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**अनुसूची – १३**
**दफा १६ को उपदफा (६) संग सम्बन्धित**

**समूहको लगानी विवरण**

**समूहको नाम :-**

| क्र.स | लिने व्याक्तिको नाम | ठेगाना | उदेश्य | रकम | लिएको मिति | रकम बुझाउनु पर्ने मिति | लिनेको सहि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची -१४**
**दफा १६ को उपदफा (६) संग सम्बन्धित**

**समूहको ऋण असुली फाराम**

**समूहको नाम :-**

| क्र.स | नाम थर | ठेगाना | सावा रु. | व्याज रु. | जम्मा | बुझ्नेको नाम | बुझ्नेको मिति | रकम बुझ्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची -१५**
**दफा १७ को खण्ड (च) संग सम्बन्धित**

**सम्पति (नगद तथा जिन्सी) खाता फाराम**

**२०.......... साल .............. महिना**

| मिति | विवरण | जम्मा (रु.) | खर्च (रु.) | बांकी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |

अनुसूची -१६
दफा १७ को खण्ड (च) संग सम्बन्धित
सामान बिक्री तथा आम्दानी खाता फाराम

२०.......... साल .............. महिना

| मिति | विवरण | आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

अनुसूची -१७
दफा १७ को खण्ड (च) संग सम्बन्धित

सामान खरिद तथा खर्च खाता फाराम
२०.......... साल .............. महिना

| मिति | विवरण | खर्च रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

अनुसूची-१८
(दफा १७ को खण्ड (च) संग सम्बन्धित )
दायित्व खाता फारम

२०...............साल .................महिना

| मिति | विवरण | आम्दानी | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

**अनुसूची – १९**
**दफा २० को उपदफा (२) संग सम्बन्धित**
**समूहको वार्षिक कार्य योजना**

**समुहको नामः**

**१. कार्ययोजनाको क्रियाकलाप, बजेट तथा खर्च आम्दानी विवरण**

| सि.नं. | कृयाकलाप/ कार्यक्रम | स्थान | क्षेत्रफल/ संख्या | अनुमानित उत्पादन | अनुमानित लागत | अनुमानित आम्दानी | सहभागी सदस्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**२. वार्षिक कार्यतालिका**

| क्र.स | क्रियाकलाप | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाख | जेष्ठ | अषाढ | श्रवण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आज्ञाले,
टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत